नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०५१७
०७१-५७०२०१
०७१-५८७००६
Email: pmamp.pio.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :- २०८०/८१ (प.का.ए.)
चलानी नं. :- २५७

मिति: २०८०/११/२१

बिषय: <u>सुचना टाँस तथा आवश्यक समन्वय सम्बन्धमा</u>।

श्री बुटवल उपमहानगरपालिका, रुपन्देही
श्री सिद्धार्थनगर नगरपालिका, रुपन्देही
श्री लुम्बिनी सांस्कृतिक नगरपालिका, रुपन्देही
श्री देवदह नगरपालिका, रुपन्देही
श्री सैनामैना नगरपालिका, रुपन्देही
श्री तिलोत्तमा नगरपालिका, रुपन्देही
श्री रोहिणी गाउँपालिका, रुपन्देही
श्री ओमसतिया गाउँपालिका, रुपन्देही
श्री मायादेवी गाउँपालिका, रुपन्देही
श्री सम्मरीमाई गाउँपालिका, रुपन्देही
श्री कोटहीमाई गाउँपालिका, रुपन्देही
श्री मर्चवारी गाउँपालिका, रुपन्देही
श्री सियारी गाउँपालिका, रुपन्देही
श्री सुद्धोधन गाउँपालिका, रुपन्देही
श्री गैडहवा गाउँपालिका, रुपन्देही
श्री कन्चन गाउँपालिका, रुपन्देही

प्रस्तुत बिषयमा यस एकाइको चालु आ.व. २०८०/८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार **"कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८०"** बमोजिमका कार्यक्रम/क्रियाकलाप संचालनको लागि रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्लाका १८ देखि ५० वर्ष उमेर समूहभित्रका कृषि उद्यमी, निजी फार्म संचालक तथा कृषक समुह/कृषि सहकारी संस्थामा आबद्ध भएका कृषि उद्यमीहरुलाई आवश्यक कागजात सहित मिति २०८० चैत २० गते भित्र प्रस्ताव आवेदन पेश गर्न सूचना आव्हान भएको र उक्त सूचना प्रवाहको (सूचनाको छायाँप्रति संलग्न रहेको) लागि तहाँ स्थानीय तहको भूमिका मुख्य हुने हुदाँ तहाँ कार्यालय तथा वडा कार्यालयहरुमा सूचना टाँस गरेर आवश्यक सहजीकरण, समन्वय र सहकार्य गरी सो को जानकारी समेत पठाइदिनुहुन अनुरोध छ।

गैडहवा गाउँपालिका
दर्ता नं. ......
दर्ता मिति २०......

..................
नारायण काफ्ले
बरिष्ठ कृषि अधिकृत

फोन: ०७१-५७०९१७
०७१-५७०२०१
०७१-५८७००६

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं.

# कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

**सूचना नं.: २७/२०८०/८१**

सूचना प्रकाशित मिति: २०८०/११/२१

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, रुपन्देहीको चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को परिच्छेद ३ को दफा ९(१) बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/युवा/फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र अर्थात् (मिति २०८०/१२/२० गते भित्र) यस कार्यालयमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि-३ अनुसारको ढाँचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिल

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | १८ देखि ५० वर्ष उमेर समूहभित्रका कृषि उद्यमी, निजी फर्म संचालक तथा कृषक समुह/कृषि सहकारी संस्थामा आवद्ध भएका कृषि उद्यमी | रुपन्देही तथा नवलपरासी (ब.सु.प.) जिल्लाभरि | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ६ मा उल्लेख भएका बाली/वस्तुको प्रस्ताव मूल्याङ्कन समितिबाट प्राथमिकीकरण भए बमोजिम | • प्रति प्रस्ताव बढीमा चार लाख रुपैया सम्म।<br>• स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कुल लागतको बढीमा पचास प्रतिशत रकम अनुदान स्वरुप शोधभर्ना गरिने। |

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:

(१) कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।
(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)।
(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।
(४) उद्यम वा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७९/८० सम्मको कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु।
(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।
(६) कृषक समुह/कृषि सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिश पत्र, संस्थाको दर्ता र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
(७) निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
(८) स्थानीय तहको कृषि/पशु शाखाको सिफारिस पत्र।
(९) प्रस्तावित कार्यक्रमको लागि अन्य कुनै संस्थाबाट अनुदान प्राप्त नगरेको स्वघोषणा पत्र।

द्रष्टव्य: कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० तथा कार्यविधिमा निर्दिष्ट गरिएका प्रस्तावना फारम र कार्यक्रम संचालन गर्न सकिने प्राथमिकीकरण गरिएको बाली/वस्तु तथा क्रियाकलापहरुको विस्तृत विवरण यस कार्यालयको वेभसाइट तथा कार्यालयमा प्रत्यक्ष सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

थप जानकारीको लागि परियोजनाको Website: piurupandehi.pmamp.gov.np फोन नं. ०७१-५७०२०१, ०७१-५७०९१७, ०७८-५९०१८१, ९८५७०१६९१७, ९८५७०१७३८१, ९८५७०४७२०९, ९८६९४८०८४० मा सम्पर्क राख्नु हुन अनुरोध छ।